नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

कोष तथा लेखा नियन्त्रक कार्यालय

चैनपुर, बझाङ्ग

☎ ०९२-४२१३६९,०९२-४२१०२४
bajhangkolenika@gmail.com
bajhang.dtco@fcgo.gov.np

त्रैमासिक प्रतिवेदन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको अद्यावधिक सूचना

(२०८३ बैशाख देखि असार मसान्तसम्म सम्पादित कार्यहरूको सार्वजनिक गरिएको विवरण)

१. कार्यालयको परिचयः

जिल्लास्थित संघीय कार्यालय र स्थानीय तहहरूलाई विनियोजन, धरौटी र कार्य सञ्चालन क्षेत्रका रकम निकासा तथा भुक्तानी दिने, आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन उपलब्ध गराउने र एकीकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने लगायतका कार्य सम्पादनका लागि आय व्यय सञ्चालन कार्यविधि नियमावली, २०३८ बमोजिम वि.सं. २०३८ साल साउन १ गतेदेखि महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्लास्तरमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको स्थापना हुने क्रममा कोष तथा लेखा नियन्त्रक कार्यालय बझाङको स्थापना २०३८ सालमा भएको हो। चौमासिक निकासा, मासिक शोधभर्ना निकासा लगायतका पद्धतिबाट बजेट निकासाको कार्य हुँदै आएकोमा सूचना प्रविधिमा भएको विकासलाई आत्मसात गर्दै सरकारको वित्तीय खर्च एवम् नगद व्यवस्थापनको कार्यलाई यथासमय (Real Time) मा आधारित, मितव्ययी, पारदर्शी र प्रभावकारी तुल्याई वित्तीय जोखिम न्यून गर्दै सरकारको कोष प्रणालीलाई अन्तर्राष्ट्रियस्तरको बनाउने उद्देश्यले २०६७ साउन १ गतेदेखि इन्टरनेटमा आधारित एकल खाता कोष प्रणाली (Treasury Single Account-TSA) लागू भए पश्चात सोही प्रणाली मार्फत निकासा लगायतका कार्यहरू गर्दैआएको छ।

२. काम, कर्तव्य र अधिकार


आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२१ र महालेखा नियन्त्रक कार्यालयबाट तोकिए अनुसार यस कार्यालयको काम कर्तव्य देहाय अनुसार रहेका छन्।

- ❖ महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्लास्थित कार्यालयको आर्थिक कारोबारको रेखदेख तथा निरीक्षण गर्ने र प्रचलित कानुनको अधिनमा रही राय दिने।
- ❖ आफ्नो इलाकाभित्र आर्थिक कारोबार गर्ने कार्यालयहरू महालेखा नियन्त्रक कार्यालयको परामर्शमा कार्यालयहरूलाई संकेत नम्बर दिने, कार्यालयहरूको लागत अद्यावधिक राख्ने।
- ❖ कार्यालयबाट आर्थिक कारोबारका विवरण लिई जिल्लाको एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने।
- ❖ प्रचलित कानुन र महालेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम आन्तरिक लेखापरीक्षण गर्ने र प्रतिवेदन गर्ने।

- ❖ जिल्लास्थित कार्यालयहरूलाई दिइएको निकासा रकमको अभिलेख राख्ने।
- ❖ राजस्व, धरौटी र विनियोजन सम्बन्धी कारोबार लगायतका नगत मौज्दात र वेरुजु फर्स्यौटका सम्बन्धमा आवश्यकता अनुसार निरीक्षण गरी त्यस्तो प्रतिवेदन महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित केन्द्रीय निकायमा पठाउने।
- ❖ निरीक्षण गर्दा श्रेस्ता दुरुस्त नराखेको वा हिनामिना गरेको वा प्रतिवेदन नगरेको वा आर्थिक कार्यविधि वा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ अनुसार काम नगरेको पाइएमा आर्थिक कारोबार तथा भुक्तानी निकासा रोक्का राखी सम्बन्धित तालुक कार्यालयमा जानकारी गराउने।
- ❖ महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा प्रदेश तथा स्थानीय सञ्चित कोषको सञ्चालन, लेखाङ्कन, प्रतिवेदन, खाता सञ्चालन सम्बन्धमा आवश्यक समन्वय सहजीकरण गर्ने ।
- ❖ महालेखा नियन्त्रक कार्यालयले समय समयमा तोकेका अन्य कार्यहरू गर्ने।

३. कोष तथा लेखा नियन्त्रक कार्यालय बझाङको संगठनात्मक संरचना र कार्य विवरण

३.१ संगठन संरचना



३.२ कोष तथा लेखा नियन्त्रक कार्यालयको शाखागत कर्यविवरण

क. प्रशासन तथा निवृत्तभरण व्यवस्थापन शाखा

- कार्यालयको बजेट तयारी तथा आर्थिक प्रशासन सञ्चालन गर्ने ।
- कार्यालयको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने।
- बेरुजुको लगत राख्ने समपरीक्षण फछ्यौंट र प्रतिवेदन गर्ने।
- कार्यालयको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।
- आफ्नो क्षेत्रभित्र आर्थिक कारोबार गर्ने, कार्यालयहरूको लगत तयार गरी आद्यावधिक गर्ने।
- महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्लाका कार्यालयहरूको आर्थिक कारोबारको रेखदेख निरीक्षण गर्ने, कार्यालयहरूलाई महालेखा नियन्त्रक कार्यालयको नीति, निर्देशन र प्रचलित कानुनको अधिनमा रही राय सल्लाह दिने।
- निवृत्तभरण व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

ख. कोष व्यवस्थापन शाखा

- जिल्लास्थित संघीय सरकारी कार्यालयहरूको कोष सञ्चालन गर्ने।
- कार्यालयबाट विनियोजन, राजस्व र धरौटी रकमको आम्दानी र खर्चको मास्केवारी लिई त्यसको जिल्लागत मास्केवारी तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने।
- कार्यालयहरूलाई निकासा दिने र निकासा दिएको रकमको विवरण बैङ्कबाट प्रमाणित गराई महालेखा नियन्त्रक कार्यालयमा पठाउने।
- कार्यालयहरूलाई निकासा दिएको रकमको आर्थिक विवरण बनाई महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित निकायको तालुक विभागमा पठाउने।
- राजस्व लेखा, दाखिला तथा धरौटी लेखा फर्स्यौंट सम्बन्धमा आवश्यकता अनुसार कार्यालयको निरीक्षण गरी सोको प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयमा र सम्बन्धित कार्यालयको तालुक विभागमा पठाउने।
- कार्यालयहरूको निरीक्षण गर्दा कुनै कैफियत पाइएमा निकासा रोक्का गरी तालुक कार्यालयमा जानकारी दिने।

ग. आन्तरिक लेखापरीक्षण शाखा

- बार्षिक आन्तरिक लेखापरीक्षण योजना तयार गरी स्वीकृत गराउने।
- स्वीकृत आन्तरिक लेखापरीक्षण कार्ययोजना अनुसार आन्तरिक लेखापरीक्षण योजना तयार पारी त्रैमासिक रुपमा जिल्लास्थित संघीय सरकारी कार्यालयहरूको राजस्व, विनियोजन, धरौटी, जिन्सी र प्रचलित कानुनबमोजिम खडा भएको कार्य सञ्चालन कोषको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण गर्ने। सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहबाट अनुरोध भई आएमा जिल्लास्थित प्रदेश र स्थानीय तहका कार्यालयहरूको आन्तरिक लेखापरीक्षण गर्ने।
- त्रैमासिक रुपमा सम्पन्न गरेको आन्तरिक लेखा परीक्षण प्रतिवेदन तयार गरी सम्बन्धी निकाय, तालुक विभाग र मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने।
- आन्तरिक लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रर्याप्तताको मूल्याङ्कन गरी प्रतिवेदन गर्ने।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको वेरूजु फर्स्यौंटको अवस्थाको जाँच गरी प्रतिवेदन गर्ने।
- आन्तरिक लेखापरीक्षण गर्दा देखिएका गम्भीर त्रुटी, अनियमितता, मस्यौट वा हिनामिनाको तत्काल कोष तथा लेखा नियन्त्रक कार्यालयका विभागीय प्रमुख तथा सम्बन्धित सचिवलाई प्रतिवेदन गर्ने।
- आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र पेश गर्ने।

घ. अन्तर सरकारी वित्त समन्वय शाखा

- विभाज्य कोषको व्यवस्थापन गर्ने।
- प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको लागि विनियोजन ऐनमा तोकिएअनुसार छिटो छरितो र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

- प्रदेश सरकार र स्थानीय तहको वित्तीय प्रणालीहरू सञ्चालनमा समन्वय र सहयोग गर्ने।
- प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापन सम्बन्धमा संघीय सरकारबाट भएको निर्णय निर्देशन र मार्गदर्शन सञ्चार तथा कार्यान्वयन गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने।
- प्रदेश र स्थानीय तहको वित्तीय प्रतिवेदन तयार तथा सङ्कलन गर्न समन्वय तथा सहयोग गर्ने।
- जिल्लास्थित स्थानीय तहहरूलाई नेपाल सरकारबाट स्वीकृत अनुदान रकम हस्तान्तरण गर्ने।
- जिल्लास्थित अन्तर सरकारी वित्त समन्वयको कार्य गर्ने।
- स्थानीय तह कोष व्यवस्थापन प्रणाली सञ्चालनमा सहयोग र सहजीकरणको कार्य गर्ने।
- आन्तरिक लेखापरीक्षण निर्देशिका, २०७९ अनुसार तोकिएका अन्य कार्यहरू गर्ने।

३.३ स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण

क्र.सं.	पद	श्रेणी	स्वीकृत सङ्ख्या	पदपूर्ति सङ्ख्या	रिक्त सङ्ख्या	पदपूर्तिको किसिम
१.	कोष नियन्त्रक	रा.प. तृतीय	१	१	०	स्थायी
२.	लेखापाल	रा.प.अनं. प्रथम	३	१	२*	स्थायी
३.	आन्तरिक लेखा परीक्षक सहायक	रा.प.अनं. प्रथम	१	१	०	स्थायी
४.	कार्यालय सहयोगी	श्रेणी विहीन	२	२	०	अस्थायी
५.	मेहत्तर	श्रेणी विहीन	१	१	०	करार
जम्मा			**८**	**६**	**२**	

* १ पद लोक सेवा आयोग माग भएको।

३.४ हाल कार्यरत कर्मचारीहरूको विवरण

क्र. सं.	कर्मचारीको नाम/थर	पद	श्रेणी	जिम्मेवारी तोकिएको शाखा
१.	तेज बहादुर बोहरा	कोष नियन्त्रक	रा.प. तृतीय	कोष नियन्त्रक
२.	शिवराज पाण्डेय	आ.ले.प. सहायक	रा.प.अनं. प्रथम	आन्तरिक लेखा परीक्षण शाखा
३.	गणेश दत्त भट्टराई	लेखापाल	रा.प.अनं. प्रथम	कोष व्यवस्थापन र निवृत्तभरण शाखा
४.	दान बहादुर रोकाया	सहलेखापाल	रा.प.अनं. द्वितीय	कोष व्यवस्थापन शाखा
५.	विरेन्द्र बहादुर खड्का	कार्यालय सहयोगी	श्रेणी विहीन	
६.	महेश बहादुर खड्का	कार्यालय सहयोगी	श्रेणी विहीन	
७.	हेमराज खत्री	कार्यालय सहयोगी	श्रेणी विहीन	

४. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिने सेवा तथा कार्यहरू

कोष तथा लेखा नियन्त्रक कार्यालय नागरिकका दैनिक कार्यहरूसँग प्रत्यक्ष सरोकार राख्ने कार्यालय नभएपनि सेवा निवृत्त भएका राष्ट्रसेवकहरूको पेन्सन सम्बन्धी सीमित प्रशासनिक कार्य बाहेक नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरू यस कार्यालयबाट सम्पादन हुँदैनन्। अतः सर्वसाधारण नागरिकहरू यस कार्यालयमा सेवाग्राही नभईकन जिल्लास्थित सरकारी कार्यालयहरू यस कार्यालयका सेवाग्राही हुन। कानुनबमोजिम यस कार्यालयले सेवाग्राहीलाई देहायका सेवाहरू प्रदान गर्ने गरेको छ।

- कार्यालयको स्वीकृत बजेट अनुसार सम्बन्धित कार्यालयको भुक्तानी आदेश अनुसार भुक्तानी निकासा गर्ने।

- जिल्लास्थित कार्यालयले आर्थिक प्रशासनका विषयमा लिखित राय मागेमा प्रचलित कानुनको अधिनमा रही राय प्रदान गर्ने।
- कार्यालयले तयार गरेको वित्तीय विवरणहरूको शुद्धता जाँच गरी वित्तीय विवरणहरू प्रमाणित गर्ने।
- आन्तरिक लेखा परीक्षणको माध्यमबाट कार्यालयहरूलाई सुधारका सुझावहरू प्रदान गर्ने।
- आर्थिक कारोबार तथा आर्थिक प्रशासन सञ्चालनका सन्दर्भमा भएका समसामयिक विषयमा कार्यालयहरूलाई सूचित गराउने।
- कानुनबमोजिम कार्यालयको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने।
- आर्थिक कारोबारको सञ्चालनका सम्बन्धमा लागू भएका प्रणालीहरूको प्रयोगका लागि क्षमता विकासका तालिमहरू सञ्चालनको समन्वय गर्ने।
- प्रणाली प्रयोगको लागि अन्य कार्यालयहरूलाई सहजीकरण गर्ने।
- निवृत्तिभरण सम्बन्धीः-
    - पारिवारिक निवृत्तिभरण अधिकारपत्र जारी गर्ने,
    - निवृत्तिभरण अधिकारपट्टाको प्रतिलिपि दिने,
    - निवृत्तिभरण रकमको हिसाब मिलान गर्ने,
    - निवृत्तिभरणको खाता बन्द गर्ने र हिसाब मिलान गर्ने,
    - तोकिएको उमेर ७५ वा ८५ वर्ष पुगेपछि थप पाउने रकम हिसाब मिलान गरी बैङ्कलाई पत्राचार गर्ने।

५. २०८३ बैशाख देखि २०८३ असार मसान्तसम्म सम्पादित कार्यहरू

यस कार्यालयको आ.व. २०८२/८३ मा विभिन्न शीर्षक अनुसार निम्नअनुसार राजस्व आम्दानी तथा भुक्तानी निकासा भएको छ।

क. राजस्व

	कर राजस्व			विविध प्राप्ती	कुल जम्मा
	कर राजस्व	अन्य राजस्व	जम्मा		
को.ले.नि.का.	११९९०५९३.२५	२०४०१९९५.४७	३२३९२५८८.७२	२५८६१२८४.३२	५८२५३८७३.०४
प्र.ले.इ.का.	१२८२१६०५.०४	६१३११५५.९६	१८९५२७६१	२६४५४७०	३४४१९८३६.०४

ख. संघीय विनियोजनः

क्र.सं.	शिर्षक	बार्षिक विनियोजित रकम	दोस्रो त्रैमासिक सम्म खर्च	तेस्रो त्रैमासिकसम्ममा खर्च	चौथो त्रैमासिक सम्ममा खर्च	खर्च प्रतिशत
१	चालु तर्फ	६०२७१२८५१९	२५८६११२७२६	४०३०४६९८६७	५४२६५९५०१५	९०.०३६२
२	पुँजीगत तर्फ	५९२९१६०००	४९३६०७६६.०२	७१७५७८८०.२२	३९९१२३१४०.१	६७.३१५३
३	वित्तीय व्यवस्था तर्फ	०	०	०	०	०
४	जम्मा	६६२००४४५१९	२६३५४७३४९२	४१०२२२७७४८	५८२५७१८१५५	८८.००१२

ख. प्रदेश विनियोजनः

क्र.सं.	शिर्षक	बार्षिक विनियोजित रकम	दोस्रो त्रैमासिक सम्म खर्च	तेस्रो त्रैमासिकसम्ममा खर्च	चौथो त्रैमासिक सम्ममा खर्च	खर्च प्रतिशत
१	चालु तर्फ	९१३५६५८८०	२०५४७९३८१.१	३५०५८७८८३.३	७१६३९२६०७.९	७८.४१७२
२	पुँजीगत तर्फ	११९५६०९५९२	३९३८३६३३	१६०२२९४९९.५	७५७१४५३१३	६३.३२७१
३	वित्तीय व्यवस्था तर्फ	०	०	०	०	०
४	जम्मा	२१०९१७५४७२	२४४८६३०१४.१	५१०८१७३८२.८	१४७३५३७९२१	६९.८६३२

ग. धरौटीः

	गत आ.व.को धरौटी मौज्दात	चालु आ.व.को धरौटी आम्दानी	चालु आ.व. मा जम्मा धरौटी फिर्ता	जम्मा बाँकी
संघ तर्फ	७२७०५०७२.६४	१६७१६०३२.६६	२८५३८१७४.८२	६१२४५९३०.४८
प्रदेश तर्फ	९६२३२७१३.५८	३१८६६४०३	३०५९६८८१.११	९७७०२२३५.४७

घ. विविधतर्फः

	गत आ.व.को मौज्दात	चालु आ.व.को आम्दानी	चालु आ.व. मा जम्मा खर्च	जम्मा बाँकी
संघ तर्फ	५०१११३६८.५९	८३०००९९७	९१६७४०३२.३०	४१४३८३३३.२९
प्रदेश तर्फ	५७३५७२२.५६	६०६६६७०५.००	६११२५७४५.४९	५२७६६८२.०७

क. हाल बझाङ जिल्लाबाट पेन्सन सेवा प्राप्त गरिरहेका कर्मचारीको विवरण

- सक्रिय पेन्सन प्राप्तकर्ताः ७८३ जना
- निजामती कर्मचारीः ३४१

- प्रहरीः ७१
- शिक्षकः ३०४
- नेपाली सेनाः ६७

६. आ.व. २०८२/८३ मा बझाङ जिल्लाका विभिन्न स्थानीय तहहरूको असार मसान्त सम्मको अनुदान निकासा विवरण

कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङबाट	अन्तिम बजेट	निकासा /खर्च	बाँकी
801071173-जयपृथ्वी नगरपालिका	**444,897,000.00**	**399,404,631.34**	**45,492,368.66**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	444,897,000.00	399,404,631.34	45,492,368.66
801071183-बुंगल नगरपालिका	**530,437,000.00**	**474,005,174.20**	**56,431,825.80**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	530,437,000.00	474,005,174.20	56,431,825.80
801073253-साईपाल गाउँपालिका	**173,700,000.00**	**112,451,476.24**	**61,248,523.76**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	173,700,000.00	112,451,476.24	61,248,523.76
801073263-केदारस्युँ गाँउपालिका	**438,160,000.00**	**398,505,186.68**	**39,654,813.32**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	438,160,000.00	398,505,186.68	39,654,813.32
801073273-खप्तडछान्ना गाँउपालिका	**323,639,000.00**	**291,146,605.83**	**32,492,394.17**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	323,639,000.00	291,146,605.83	32,492,394.17
801073283-छबिसपाथिभेरा गाँउपालिका	**344,120,000.00**	**308,855,442.50**	**35,264,557.50**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	344,120,000.00	308,855,442.50	35,264,557.50
801073293-तालकोट गाँउपालिका	**265,297,000.00**	**235,876,395.20**	**29,420,604.80**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	265,297,000.00	235,876,395.20	29,420,604.80
801073303-थलारा गाँउपालिका	**345,026,000.00**	**316,287,634.22**	**28,738,365.78**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	345,026,000.00	316,287,634.22	28,738,365.78
801073313-दुर्गाथली गाँउपालिका	**278,399,000.00**	**247,691,810.60**	**30,707,189.40**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	278,399,000.00	247,691,810.60	30,707,189.40
801073323-मष्टा गाउँपालिका	**334,964,000.00**	**308,579,728.47**	**26,384,271.53**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	334,964,000.00	308,579,728.47	26,384,271.53
801073333-वित्थडचिर गाँउपालिका	**309,508,000.00**	**268,188,987.41**	**41,319,012.59**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	309,508,000.00	268,188,987.41	41,319,012.59
801073343-सूर्मा गाउँपालिका	**257,137,000.00**	**209,363,116.59**	**47,773,883.41**
305017001-कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ	257,137,000.00	209,363,116.59	47,773,883.41

प्रदेश लेखा इकाई कार्यालय, बझाङबाट	अन्तिम बजेट	निकासा /खर्च	बाँकी
801071173-जयपृथ्वी नगरपालिका	**42,180,000.00**	**25,552,569.19**	**16,627,430.81**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	42,180,000.00	25,552,569.19	16,627,430.81
801071183-बुंगल नगरपालिका	**39,496,000.00**	**29,230,781.98**	**10,265,218.02**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	39,496,000.00	29,230,781.98	10,265,218.02
801073253-साईपाल गाउँपालिका	**27,706,000.00**	**20,092,970.00**	**7,613,030.00**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	27,706,000.00	20,092,970.00	7,613,030.00
801073263-केदारस्युँ गाँउपालिका	**35,060,000.00**	**28,180,381.46**	**6,879,618.54**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	35,060,000.00	28,180,381.46	6,879,618.54
801073273-खप्तडछान्ना गाँउपालिका	**29,119,000.00**	**24,579,338.50**	**4,539,661.50**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	29,119,000.00	24,579,338.50	4,539,661.50
801073283-छबिसपाथिभरा गाँउपालिका	**32,186,000.00**	**26,228,581.00**	**5,957,419.00**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	32,186,000.00	26,228,581.00	5,957,419.00
801073293-तलकोट गाँउपालिका	**33,313,000.00**	**19,509,327.50**	**13,803,672.50**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	33,313,000.00	19,509,327.50	13,803,672.50
801073303-थलारा गाँउपालिका	**32,587,000.00**	**24,356,402.50**	**8,230,597.50**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	32,587,000.00	24,356,402.50	8,230,597.50
801073313-दुर्गाथली गाँउपालिका	**35,065,000.00**	**28,422,311.68**	**6,642,688.32**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	35,065,000.00	28,422,311.68	6,642,688.32
801073323-मष्टा गाउँपालिका	**32,133,000.00**	**24,294,204.50**	**7,838,795.50**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	32,133,000.00	24,294,204.50	7,838,795.50
801073333-वित्थडचिर गाँउपालिका	**32,009,000.00**	**15,722,448.98**	**16,286,551.02**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	32,009,000.00	15,722,448.98	16,286,551.02
801073343-सूर्मा गाउँपालिका	**32,895,000.00**	**25,775,129.50**	**7,119,870.50**
3050170017-प्रदेश लेखा इकाई कार्यालय, बझाङ	32,895,000.00	25,775,129.50	7,119,870.50